

# अमानवीय मानव बेचबिखन तथा ओसारपसारविरुद्ध हामी सबै मिली

# प्रार्थना गरौं

# परिचय

कारितास नेपालले आफ्नो स्थापना कालदेखिनै महिला विकासकोलागि काम गर्दै आएको सबैलाई बिदितै छ । महिला शसक्तीकरण र विकासका कामहरू सञ्चालन गर्ने क्रममा महिला तथा बालबालिकाहरूको ओसारपसार र बेचबिखनका धेरै सत्य घटनाहरू रिपोर्टहरूमा उल्लेख गरिएको हामीले पायौं र साथसाथै प्रभावित व्यक्तिहरूसँग प्रत्यक्ष रूपमा गरिएको कुराकानीद्वारा पनि धेरै जानकारी पायौं ।

यस्तो अनुभवले गर्दा दक्षिण एशियाका विभिन्न देशमा भएका कारितास संस्थाहरू मिली सचेतना कार्यक्रमहरू गर्न शुरू गरियो । यो विषयमा काम गर्दा सामुहिक रूपले काम गनुपर्ने आवश्यकता महसुस भएकोहुँदा, ई.स. २००७ देखि यस संस्थाले पूर्वी तथा दक्षिण पूर्वी एशियामा कार्यरत् कारितास संस्थाहरूसंग समन्वय गरी मानव बेचबिखन तथा ओसारपसार विरूद्ध पान एशिया कार्यक्रमको शुरूवात गर्दै आएको छ । जसमा ११ देशका कारितास संस्थाहरू संलग्न छन् र कारितास नेपालले संयोजक रूपमा काम गरिरहेको छ ।

यस पान एशिया कार्यक्रम अर्न्तगत सञ्चालित विभिन्न क्रियाकलापहरूमध्ये प्रार्थनाको दिन पनि एक क्रियाकलाप हो । यसको मूख्य उद्देश्य भनेको– बिभिन्न धर्ममा आस्था राख्ने सबैले एकैसाथ यस जघन्य अपराध विरूद्ध आत्मिय ऐक्यबद्धता कायम गरी बेचबिखनलाई निर्मूल गर्न ईश्वरसँग प्रार्थना गरौं भन्ने हो । यो प्रार्थना प्रत्येक देशका कारितास र यसका साथी संघ संस्था एवं लाभान्वित समुहहरूले आफ्नो कुनै पनि काम, गोष्ठी या तालिमहरू सञ्चालन गर्दा अथवा अन्त्य गर्दा भन्न सकिन्छ ।

विश्वभर राष्ट्रिय दिवसका रूपमा मनाउँदै आएका विशेष दिनहरू जस्तै 'मानव ओसार–पसार तथा बेचबिखन विरूद्ध दिवस' र 'मानव अधिकार दिवस' का दिन यो प्रार्थना गर्ने निर्णय कारितासको यस सञ्जालले गरेको छ । यस कार्यक्रमलाई "A Day of Prayer"– "प्रार्थनाको एक दिन" भनेर तोकिएको छ । यस प्रार्थना तयार गर्नुहुने, ब्रदर अन्थोनी रोजर्सलाई धेरै धन्यवाद दिन चाहन्छौ साथै यो प्रार्थनालाई नेपाली भाषामा उल्था गरिदिनुहुने भीमसेन राईज्यू र कुमार भट्टराईज्यूलाई पनि धन्यवाद दिन चाहन्छौ । यस प्रार्थना पुस्तिकामा आफ्नो धारणा ब्यक्त गरिदिनु भई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध ऐक्यबद्धता जनाईदिनुहुने विभिन्न धर्मगुरूहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अन्त्यमा यो प्रार्थना पुस्तिका ग्रहण गरी हामीसँग प्रार्थनामा ऐक्यबद्धता जनाइदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**फादर कृष्णबहादुर बोगटी**
कार्यकारी निर्देशक
कारितास नेपाल



**VICAR APOSTOLIC**
*Assumption Church*
*GPO Box 8975 EPC-343*
*Kathmandu, Nepal*

# शुभकामनाका दुई शब्द

प्रायः दिनहुँ भन्ने गर्थे एक गुरूले आफ्ना विद्यार्थीहरूलाईः नानीहरू हो, महान बन्नु छ, तिमीहरू हरेकलाई कारण लुप्त छ, तिमीहरूमा दिव्य गुण, ब्रम्हको स्वास तिमीहरूमा छ । तर आफ्नो असली मानव स्वभावको वास्ता नगरे दानव पनि तिमीहरू बन्न सक्छौ । अनि दानव हुनु हो पशुभन्दा पनि नीच हुनु ।

महिला तथा बालबालिका बेचबिखनमा लाग्नु दानव स्वभाव लिनु हो, पशुभन्दा पनि अझ तल झर्नु हो । कारण पशुले पनि आफ्नोको ख्याल-रक्षा गर्छ ।

मानव मर्यादाको संरक्षण खातिर कारितास नेपालले हरेक नेपाली नागरिकलाई आह्वान गर्दैछ, यस अभियानद्वारा । साथ दिऔँ, सरिक हौँ, साझेदार बनौँ । रोकौँ, रोक्ने प्रयासमा लागौँ यो आधुनिक दासत्वलाईः निस्सहाय-निर्बलको ओसार-पसार, बेचबिखनलाई ।

आशिष रहोस् यस अभियानमा परमेश्वरको साथै शुभ-चिन्तकहरूको ।

**अ. शर्मा, य.स.**

अध्यक्ष

कारितास नेपाल

द.नं. ३३८/०६०/०६१ जि.प्र.का. काठमाडौं

# विश्व हिन्दु महासंघ
## World Hindu Federation
### नेपाल राष्ट्रिय समिति
### Nepal National Committee

Kalanki, Syuchatar Chok, Ring-Road, Kathmandu
Phone/Fax: 0977-01-4672417

प.सं. २०६५/२०६६
च.नं. ८३१

मिति: २०६५/५/२५
१० सेप्टेम्बर २००८



# दुई शब्द

कारितास नेपालले मानव जातिको अमानवीय बेचबिखन तथा ओसारपसार विरूद्ध चलाएको अभियानको सम्बन्धमा लिखित प्रार्थना राम्रो लाग्यो । यस्तो घोर अपराधिक गलत कार्य विरूद्धको अभियानमा विश्व हिन्दू महासंघ नेपाल राष्ट्रिय समिति पनि ऐक्यवद्धता जाहेर गर्दछ । साथै, देश विदेश एवं विश्वका सबै नागरिकलाई यस्तो मानव बेचबिखनजस्तो गलत कार्य नगर्न र नगराउन विश्व हिन्दू महासंघ नेपाल राष्ट्रिय समिति हार्दिक आह्वान गर्दछ ।

**दामोदर गौतम**
अध्यक्ष
विश्व हिन्दू महासंघ नेपाल राष्ट्रिय समिति
तथा
अन्तर धार्मिक परिषद् नेपाल



# दुई शब्द

आजभन्दा लगभग २६ सय वर्षअघिको समयमा, हाल नेपालको भैरहवा लुम्बिनीमा महामानव सिद्धार्थ गौतमको जन्म भयो । २९ वर्षको उमेरमा गृहत्याग गरेपछि ६ वर्षको कठोर तपस्याबाट उहाँले बुद्धत्व प्राप्त गर्नुभयो । बुद्धत्व प्राप्तपछि उहाँले ४५ वर्षसम्म गाउँ, नगर, राज्य पूरै जम्बुत्यीपमा उहाँले सुख, शान्ति, समृद्धि वा मानवता जीवनको लागि सभ्यता, पहिचान, संस्कारहरूको उपदेश दिन्थे । जहाँसम्म शान्ति कायम गर्नको लागि दिएको उपदेशहरू पञ्चशील सिद्धान्तको आधारहरू नै थियो । प्राणी हिंसा नगर्न यसमा महिला हिंसा, बाल हिंसा, घरेलु हिंसाहरू पनि पर्छ । चोरी नगर्न, कुनै पनि वस्तुहरू नसोधी नलिनु वा सोधेर मात्र लिनु । परस्त्री, परपुरूष गमन नगर्न । यदि विवाहित भएमा स्व आफ्नो वस्तु मात्र प्रयोगमा ल्याउनु । झूठो कुरा नगर्नु, घातक कुराहरू नबोल्नु र मादक पदार्थ, नशालु वस्तुहरूको सेवन नगर्नु । समग्रमा यी कुराहरू आजको आवश्यकता पनि हो र यी विषयहरूलाई कार्यान्वयन गरी महत्वको साथ अँगाल्नुपर्छ ।

**भिक्षु चन्द्र कीर्ति**
उपाध्यक्ष
अन्तर धार्मिक परिषद् नेपाल

इस्लामी संघ नेपाल
ISLAMI SANGH NEPAL
REGD. No. 247/057/058

المنظمة الاسلامية نيبال
اسلامی سنگھ نیپال
دفتر التسجيل ٢٤٧/٠٥٧/٠٥٨

Ref:
Date: ०६९/५/३०




# मानव बेचबिखनमा इस्लामको धारणा

अल्लाह ताअलाले सम्पूर्ण मानवलाई समान अधिकार साथ पैदा गर्नु भएको छ । इस्लामको दृष्टिमा सम्पूर्ण मानव समान हैसियत राख्दछ । इस्लामको सिद्धान्त अनुरूप एक मानवले अर्को मानवको सम्मान गर्नु पर्दछ । त्यसैले, इस्लाममा उँचनिच र छुत-छातको कल्पना पनि गर्न सकिँदैन । हरेक मानवको जिउ, धन, इज्जतको सुरक्षाको जिम्मेवारी हरेक मानवप्रति अल्लाह ताअलाले फर्ज (अनिवार्य) गर्नु भएको छ । मानव बेचबिखनको त इस्लाममा कल्पनासम्म पनि गर्न सकिँदैन । आजभन्दा चौध सय वर्षपूर्व नै अल्लाहका अन्तिम सन्देस्टा हजरत मोहम्मद (सल्ल.) ले मानव बेचबिखन निर्मूल पार्न अतिउत्तम सिद्धान्त दिनु भयो र यस किसिमको कार्यलाई अतिघृषित र महापापको संज्ञा दिनु भयो ।

अहिले संसारमा मानव बेचबिखनमा सबभन्दा बढी प्रभावित महिला र बच्चा रहेका छन् । नेपालको परिवेशमा महिलाहरूको बेचबिखनको प्रथा चलिआइरहेको छ । जसको कारण युवतीहरूलाई विशेष गरी बेच्ने प्रथा चलिआइरहेको छ । युवतीहरूलाई बेच्नुको मुख्य कारण उनीहरूको यौवन शोषणको लागि रहेको छ ।

जबकि, इस्लामले आफ्नी श्रीमती बाहेक अन्यसँग यौवन सम्पर्क अवैध (हराम) ठहर गरेको छ । त्यति मात्र नभई परपुरूष र परस्त्रीको यौवन सम्पर्क कार्य ठहर भएमा कठोर सजायसम्म तोकेको छ । त्यसैले महिला बेचबिखनमा इस्लामले अति कडा रोक गरेको छ । इस्लामले त महिलाहरूलाई पैतृक सम्पत्तिमा अंशको व्यवस्था समेत गरेको छ । यदि यस्तो प्रथा समाजमा लागू गर्न सकिए महिला बेचिनुपर्ने बाध्यता नै सिर्जना हुने थिएन ।

बालबालिकाको हकमा इस्लामको धारणा बालबालिका भनेका मासुम (बेगुनाहा) हुन् भनिएको छ । बालबालिका र श्रीमतीको भरणपोषणको जिम्मेवारी पुरूषमाथि र ाखिएको छ । आज समाजमा पुरूषहरूले आफ्नो जिम्मेवारीलाई बहन नगरिदिएको हुनाले पनि समाजमा यस्तो घृषित विकृति पैदा भएको हो । बालबालिकालाई घरको कामकाजको लागि खरिद बिक्री गर्ने गरिन्छ र ती बालबालिकाहरूको श्रम शोषण गर्ने गरिन्छ । यस्तो कार्यलाई इस्लामले अतिघृषित, असामाजिक र अमानवीय कार्य ठहर गरेको छ । यस्तो कार्यमा संलग्न कुनै पनि अभिभावक वा बेचबिखनमा संलग्न मानिसले क्षमा पाउन सक्दैन । मृत्यु पश्चात् परलयको दिन त्यसले सजाय पाउनेछ ।

मानव बेचबिखन विरूद्ध जति पनि संघ/संस्थाहरू कार्यरत छन्, यसका लागि हामी हृदयदेखि नै धन्यवाद दिंदै उहाँहरूको हरेक कार्यमा हामी पूर्ण रूपले सहयोग गर्ने प्रतिवद्धता गर्दछौं ।

**नजरूल हसन**
अध्यक्ष
इस्लामी संघ नेपाल



मानवको अमानवीय बेचबिखन तथा
ओसार पसार विरूद्ध

# हामी सबै मिली

अत्यन्त जोखिममा रहेकाहरूसम्म

# पुगौं र सेवा गरौं



## अलग पारिएकाहरूको संसारलाई सुनौं ।

हामी महसुस गर्दछौं,

मानव बेचबिखन मानिसले जानेर इच्छा गर्ने खालको स्वतन्त्रताको कुरा होइन बरू नैराश्यता र एक्लोपना निम्त्याउने गरी घरपरिवार र प्रियजनबाट अलग्गिनु हो ।

यस प्रकारको जीवनको बसाईं सराइ मानिसको आफ्नै स्वतन्त्र गतिशीलता वा सामाजिक प्रगतिका लागि भएको होइन बरू षडयन्त्रकारीहरूको जालमा परेर नारकीय दासतामा धकेलिनु हो । आफ्नो पहुँचबाहिर जोरजबरजस्तिमा हुने यस्ता बसाईं सराई जीवनमा स्वतन्त्रता आउने र भाग्य चम्किने भनिएका धोकापुर्ण तथा चलाखीपूर्ण वाचा दिएर षडयन्त्रकारीहरूले फसाउने जाल बुनेका हुन्छन् ।



बेचबिखनमा परेका पीडितहरूसँग गरिएका वाचाहरू तथा देखाइएका रंगीन सपनाहरू कथित नयाँ ठाउमा वा घरमा पुऱ्याइए पछि उनीहरूको जीवन हरेक दिन र रात दुष्स्वप्नमा परिणत हुन्छन् । तै पनि तिनीहरूको हृदयभित्र बाँकी रहेको खुशीको झिल्का अझ निभिसकेको हुदैन, जुन हरेक मानव हृदयभित्र परमेश्वरले रोपिदिएको हुन्छ । उनीहरूको एक्लोपनामा सहयोग पुऱ्याइयो भने उनीहरूले अन्जान विदेशी भूमिमा पनि एक्लै उभिन सिक्नेछन् । परमेश्वरले मात्र, हरेक दिनको उज्यालोमा अगाडि बढ्न र राति नयाँ सपनाको अपेक्षा गर्न लगाउनु हुन्छ भन्नेमा हामी विस्वस्त छौं ।

## अन्तरआत्मा देखि नै परमेश्वरसंग बोलौं ।

हामी विश्वास गर्दछौं

परमेश्वर तपाईंलाई हामी कुन धर्मसँग सम्बन्धित छौं भन्ने कुराको मतलब छैन । तपाईं त विशेषगरी तिरष्कृत तथा हेपाइमा परेका लगायत वाह्य मानिसहरूसँगको हाम्रो सह-सम्बन्धबाट

हामीले तपाईंसँग एकात्मकता महशुष गर्दै ,अभिव्यक्त गर्नसकौं भन्ने चाहनुहुन्छ । परमपिता परमेश्वरमा साँच्चिकै विस्वास गर्ने र अन्तर हृदयमा मानवताको बास भएका सबैका निम्ति यो ज्यादै महत्वपूर्ण काम हो ।

तपाईंले हामीलाई परमेश्वरका सन्तानका सम्पूर्ण रूपमा मानव बनाउनका लागि तपाईंकै अलौकिक ज्योति स्वरूपको खोजी गर्न निरन्तर आह्वान गरिरहनु भएकोछ । आफूले श्रृष्टि गरेको संसारमा तपाईं सदासर्वदा सबै लोग्ने मानिसहरू र स्वास्नी मानिसहरू सह-अस्तित्वको भावमा रहुन् भन्ने चाहनु हुन्छ ।
सच्चाईको कठीन यात्रा भित्र तपाईं शान्तिदूतका निम्ति हाम्रो हृदयमा नयाँ ठाउँ बनाउने कुरा पनि आउँछ । भौतिक र वाह्य सुन्दरता तर्फ डोर्‍याउने आफ्नो अहंमतालाई एकातर्फ पन्छाउने कुरा हाम्रालागि चुनौतीपूर्ण छ । तपाईंको अभावमा हामी हाम्रो हृदयमा पक्कै पनि नयाँ मूर्ति गढ्दै प्रतिर्ष्थापन गर्न सक्नेछौं । तपाईं बाहेक अर्थोक कुराको हामीलाई कुनै अर्थ छैन । हामीलाई सचेत छौं कि धनसम्पत्ति, शक्ति, पद र प्रतिष्ठाले नै हाम्रो हृदयको लगाम समातिरहेको हुन्छ र हामीलाई अन्धो बनाएको हुन्छ ।



यदि तपाईंको मुहारलाई मानव मुहार र धर्तिको मुहारबाट रंगाइन्छ भने हामी मानवतालाई नयाँ मुक्ति चाहिएको कुरासँग जुधिरहेका हुन्छौं । तपाईं हामीलाई दयाका सम्वाहक र तपाईंको विराट चेतनाका आवाज बनाउन चाहनु हुन्छ ।

पीडामा रहेकाहरू र जोखिममा रहेकाहरूको जीवनसम्म पुग्ने हामी मानवजातिको यात्रा मात्रै मानवता फर्काउने माध्यम हो । आज हामीले दुष्टसँग जुध्न सक्यौ भने मात्र तपाई परमपिता परमेश्वरसम्म पुग्ने पथ खुल्नेछ । कमजोर तथा निसाहयहरूप्रति समर्पित हुँदै हामी हाम्रो हृदयमा तपाईंको पवित्रतालाई पुनर्स्थापित गर्नेछौं ताकि ती सबैले तपाईंको सुसमाचार सुन्न सकुन् ।

## स्वर्गतर्फ एकसाथ हाम्रो स्वर उचालौं

**हे विश्वव्यापी आत्मन तथा मानवताका प्रवर्तक,**

तपाईं नै सृष्टिकर्ता तथा मानवताका परमेश्वर हुनुहुन्छ,
हाम्रो घर तपाईंकै अस्तित्वमा अडिएको छ र हामी स्वतन्त्रताका लागि तपाईंसँगै हिड्न चाहन्छौं,
कुनै दिन हामीभित्रै अलौकिक प्रेमको अनुभूति गराइदिनु हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**हे कमजोर तथा आहतहरूका तारक,**



हामी कमजोर तथा निमुखा र महिला तथा बालबालिकाका तपाईं एकमात्र आधार हुनुहुन्छ
अरूले होइन तपाईंले मात्र हामीले अन्तरआत्माबाट खोजीरहेको शान्ति ल्याइदिनु सक्नुहुन्छ
हाम्रो भुमरीयुक्त अप्ठ्यारोबाटोमा तपाईंले हामीलाई पथ प्रदर्शक उज्यालो देखाउनु हुनेछ ।

**हे न्याय तथा प्रतिष्ठाका प्रतिमूर्ति**

लोभ लालच, सासक तथा उनीहरूलाई पछ्याउनेहरू लगायतका दुस्मनहरूका विरूद्ध
तपाईंको उपस्थितिमा हामी धैर्यतापूर्वक आलोचनाको आवाज सुन्न पर्खिरहेका छौं
तपाईंको नियम र निर्माणका विरूद्ध जानेहरूका विरूद्ध, सोही माफिकको व्यवहार हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

## आफैंभित्रका परमेश्वरको नविन सुनाई

परमेश्वर, हामी अक्सर तिनीहरूको आवाज सुन्न सक्दैनौं
जो दृष्टिबाट बाहिर रहेका र लुकेर बसेका छन ।

तिनीहरू हामीबाट वास्तवमै हाम्रो हृदयबाट टाढा  लाग्दछन
तर तपाईंको आत्माको स्वर सुन्न थालेपछि हामी उनीहरूको नजिक पुग्न थालेका छौं ।
हामी उनीहरूका गुमेको पहिचानलाई फर्काउन चाहन्छौं ,
अहिले हामी उनीहरूको नयाँ घरमा उनीहरूसँगै यात्रा गर्न तत्पर छौं भन्न सक्छौं ।

परमेश्वर, उनीहरूले शुरू गरेको यो यात्रा जीवनको पूर्णता खोजिका निम्ति हो,
उनीहरूको गरीबी र दुखको दुष्चक्रबाट बाहिर निस्कने चाहना हो,
उनीहरूलाई भाग्यले ठगे झैं लाग्दछ र कतिले त आफैं प्रतिको विश्वास नै गुमाएका हुनसक्छन् ।
हामी उनीहरूभित्र जीवन र जीवनको अर्थलाई पुनर्स्थापना गर्न चाहन्छौं
उनीहरूलाई खाना, बास र आत्मसम्मान उपलब्ध गराएर हामीलाई प्राप्त उपहार बाड्न चाहन्छौं
हाम्रा हात र कर्मबाट उनीहरूले तपाईं हाम्रा प्रिय परमेश्वर हुनुहुन्छ भन्ने थाहा पाउनेछन् ।

प्रभु तपाईंका धेरै प्रिय सन्तानहरूले
तपाईं प्रतिको विश्वासलाई जगाएका छन् र नयाँ क्षितिज उघारेका छन्
हामी उनीहरूसँगै दुख र पीडाभन्दा बाहिरको संसारमा विचरण गर्न सक्तछौं
हामी उनीहरूसँग हातेमालो गर्न चाहन्छौं
हामी उनीहरू सँगसँगै तपाईंको चेतनाको नयाँ संसारतर्फ फर्कन चाहन्छौं
ताकि अपमान तथा तिरस्कार जति विगतको सम्झनामा मात्र रहन सकुन् ।

## एउटा नविन करूणाभाव

### हे प्रभु परमेश्वर, हाम्रो अस्तित्वका आत्मा



***हामी कसरी मौन रहन सक्तछौं ?***

जब यौन पर्यटन, यौन व्यवसाय, बसाइसराई र तस्करीका कारण आफ्नो आत्मगौरव गुमाएका लाखौं मानवहरूको वास्तविकता अगाडि ।

*हामी कसरी असंलग्न रहन सक्तछौं ?*

जब परमेश्वरबाट उपलब्ध नैसर्गिक स्वतन्त्रताको हनन् भएका ईश्वरका सन्तानहरू रहेको जानकारी हामीलाई छ ।

जब परमेश्वर र उहाँका पीडित सन्तानहरूका पवित्र हृदय अहिले परमेश्वर र परमेश्वरका दुखी सन्तानका निम्ति नभएर हाम्रो आफ्नै अहंमताको घर भएको छ ।

जब बालबालिका तथा महिलालाई भोग्या तथा वस्तुका रूपमा बजारले निर्देशित गरी निर्दयी, अमानवीय र अवमूल्यनकारी व्यवहारबाट प्रताडित गरिरहेको छ भन्ने कुराको महसूस गरेका छौं ।

## हामी हाम्रो मौनता र असंलग्नतालाई सद्भावमा बदल्न सक्छौं:

हामीले थाहा पाइसकेका छौं कि उनीहरू घरभित्रै आफ्नैहरूबाट समेत तिरस्कार, शारीरिक यातना र मौखिक दुर्व्यवहारको वातावरणमा हुर्किरहेका छन् । उनीहरू प्रतिक्रिया विहिन अस्तित्वमा रहेकाले आफ्ना अधिकारहरूका बारेमा बुझ्नका लागि असक्षम छन् किनकि उनीहरूको जीवन सदैव "गलत र झन् गलत" बनाइएको छ ।



## हामी हाम्रो मौनता असंलग्नतालाई समानुभूतिसहित प्रतिवद्धतामा परिवर्तन गर्न सक्तछौं:

हामी उनीहरूको दुख र पीडाको नजिक हुन हिम्मत राखेका कारण उनीहरूको मुखुण्डो भित्रको मान्छेलाई पत्ता लगाउन सक्तछौं । उनीहरूका कथाहरू हाम्रा कानका लागि सुसमाचार हुनेछन् जसले हाम्रो खोकलोपनमा दैविक करूणा उत्पन्न गराउने छ । उनीहरूलाई सुन्ने कुराले हामीलाई पवित्र बन्न सघाउनेछ ।

उनीहरूको लाजमर्दो र अपमानजनक कथाहरूले दुखः, अपमान, निरासा तथा निरासाबादीताजस्ता कुराहरूबाट हाम्रो पवित्रतालाई बढाउन र मन परिवर्तन गर्न सघाउँछ । एकलोपना,

दुर्भाग्यपना, निराशा, अन्धकार र तिरस्कार आदि कुराहरू दैवी योजनाबाट आएका होइनन भन्ने हामी बुझ्दछौं र

उनीहरूको आँसु हाम्रोलागि आँखाको धुलो पखाल्ने पानी हुनजान्छ । यस प्रक्रियामा हामी करूणामूर्ति प्रभुसँग उहाँको हृदय नजिकका प्यारा सन्तानहरूका निम्ति प्रार्थना गर्न सिक्दछौं । हामीसँग उनीहरूको दुखःको आँसुलाई खुशीका आँसुमा परिवर्तन गर्ने साहस हुनेछ । हामी उनीहरूसँग आत्मविश्वास र नव चेतनाकासाथमा हामीले हाम्रो भूमिमा नै आश्रय दिने घर सिर्जना गरेर प्रवेश गर्नेछौं ।

## हामी हाम्रो मौनता र असंलग्नतालाई ऐक्यवद्धतामा परिवर्तन गर्न सक्तछौंः

जब हामी उनीहरूको अस्तित्वभित्र बेस्सरी जेलिएर रहेको लाजमर्दो र अपमानजनक कथाहरू सुन्न हिम्मत राख्दछौं, हामी उनीहरूको कथाको भाव बुझ्दछौं र मञ्चका मखुण्डोधारी कलाकारलाई पहिचान गर्दछौं । तनाव र अभावमा धकेलिरहेको शक्ति के हो भन्नेबारेमा पनि हामी सचेत भैसकेका छौं । हामीले बजारको तर्क र बजार संयन्त्रको नीतिका बारेमा पनि बुझिसकेका छौं । हामी मानव बेचबिखन तथा ओसारपसार विरूद्धको लडाईंलाई गरिबी विरूद्धको लडाइँबाट छुट्याउन सकिँदैन भन्ने बुझ्दछौं । हामी न्याय तथा शान्तिपूर्ण संसारका निम्ति मार्गका रूपमा रहेको मानवअधिकारको प्रवर्द्धन तथा रक्षाका लागि लाग्न खोज्दछौं । प्रभु, लैंगिक विभेदलाई ध्वस्त पार्न र परिवार तथा समाजमा लैंगिक भूमिकालाई नयाँ रूप दिन, हामीले तपाईंबाट शक्ति , साहस र कृपाको अपेक्षा गरेका छौं ।

जब हाम्रो नागरिक समाजमा रहेको सहभागिता र नीतिगत तहमा रहेको संचेतनाबाट जोखिममा रहेकाहरूको जीवनमा प्रसस्त मात्रामा चेतना जगाउन योगदान गर्दछ । शिक्षा तथा कानूनका माध्यमबाट, आफ्नो परिवार र साथीहरूबाट बेइमान तथा दुष्टहरूका हातसम्म पुर्‍याउन सक्ने गरिबीलाई निवारण गर्न सक्तछ ।



जब बसाइसराई सम्बन्धी स्पष्ट नीतिहरूलाई पूर्णरूपमा कार्यान्वयन गरिन्छ र ज्यादै कमजोर तथा जोखिम परिस्थितिमा रहेकाहरूको नैसर्गिक अधिकारको नयाँ संजालमार्फत अनुगमन गरिन्छ र जन्म सिद्ध अधिकारको सुरक्षा हुन सकछ ।

**परमेश्वर, हामीलाई एक नयाँ बुझाइ दिनुहोस्**
**ताकि हामी तपाईंसँग एकाकार हुन सकौं ।**
**परमेश्वर, हामीलाई गहिरो दयाभाव दिनुहोस्**
**ताकि हामी उनीहरूलाई तपाईंको प्रेम बाँड्न सकौं ।**
**परमेश्वर, हामीलाई एक नयाँ ऐक्यवद्धताको संस्कार दिनुहोस्**
**ताकि संसारले तपाईंको योजनालाई प्रतिविम्बित गर्न सकोस् ।**



# ENGLISH VERSION



# Inhuman Trafficking

## REACHING AND TOUCHING THE MOST VULNERABLE



## Listening to the World of the Marginalized and Discarded

**We realize:**

That Human Trafficking is not about the freedom to go where one wants to go but being exiled from the home and loved ones, in order to bring a new hope to their despair and destitution.

That the life of the peoples on the move is not about autonomous mobility or social advancement but being caught in web of intrigues that bring us to the brink of submissive servitude, bordering on slavery. It is on the contrary, a movement organized by forces outside our control, often through subtle deception and overt manipulation, with the promise of a life of freedom and fortunes.

That the new Home the victims of trafficking were promised and dreamt of turns into a nightmare to be lived each day and night. They still long deep within their hearts for the joy, intended to be planted by You in every human heart. When cast ashore on desolate shores they learn to stand alone in the land of strangers and foreigners. It is only the God that we believe that makes us face the sun each day and wish the sunset will bring new dreams as we lay our heads in the night.

## Speaking to the Lord in the Depths of our Being

**We believe:**

That You don't want to know what religion each of us belongs to. You want us to experience and express our oneness with You in and through our relationship with others, especially those who are dejected and despised. This is indeed the most important task for everyone, who truly

believes in the God of Divinity, who longs to take root in the Heart of Humanity.

That to be truly God's People is a continuous invitation by You to keep searching for Your Divine Presence in all that is fully Human. This is always and forever your desire that is deeply embedded in our vocation to becoming Man and Woman alive to one another in Your Created World.

That the painful path to Goodness involves creating a new space in our Hearts, for You are the God of Peace. We are challenged to set aside our egoism that pushes us to make materialism and hedonism a way of life. Without You we will surely place new created idols in the temples of our souls. Without You the others don't matter. Only money and mammon, power and prestige grip the strings of our hearts.



That when Your face is effaced from the faces of Human Persons and from the face of the Earth, we are confronted with the realization that humanity is in need of a new salvation. You want us to become the agents of your Mercy and voice of Your Conscience.

That our journey into the lives of the miserable and the vulnerable is the only path for humankind to regain our humanity. To resist evil today calls us to pursue a path to You, the God of Goodness. We restore Your Goodness Within us by giving up the Self for the weak and the feeble, so that they will all experience Your Glad News.

## Crying Together to the Heavens

Dear Spirit of the Universe and the Master of Humanity
You are the one God of Creation and of Humanity
Our Home is in your Being and we want to walk with you in freedom
We believe that you will one day allow us to experience the love of the Divine Within

Dear Saviour of the Weak and the Wounded
You are our only strength: for the vulnerable and weak,
the woman and children
Have no one but You to bring peace that we long for within
We know you will shed your guiding light on our steep and winding paths.

Dear Lord of Justice and Reverence
In your presence we await patiently to hear the voices of condemnation
Against the evils of the greedy, the governors, the agents and their
customers
We are convinced that to be treated thus is against Your law and design.

## A New Listening to the God Within

Lord, we often can't hear the voices
Of those who are out of sight, hidden in the backstreets,
backrooms and backyards
They are indeed far from us and of course from our hearts
But listening to Your Spirit has led us to get closer to them
We are ready now to put a face to their names
We can now say we want to journey with them in their new homes.

Lord, they began this journey in search of life to the full
Wanting to get out of the vicious cycle of poverty and despair
They think they were pushed by fate and may have lost faith in
themselves
We want to restore the meaning of life and all that it holds
We want to share the gifts given to us, to offer them food,
shelter and dignity
Through our hands and deeds, they will know You are our Loving God.

Lord, we have seen that many of your special children
Have nurtured the hope in You and new horizons have emerged
We really want to walk with them out of the world of pain and misery
We really want to stride hand in hand with them
We want to face together a new world born of Your Spirit
So that humiliations and disdained can become a memory of the past.

## A Renewed Compassion for the Weak and the Vulnerable

### Lord God, the Soul of our Being

*How can we remain silent* ?

In the face of the reality of the lives of millions of human beings who have lost their dignity in the world of sex tourism, prostitution, migration and smuggling.



*How can we remain indifferent* ?

When we know that to be pushed and pulled violates the inherent freedom given by God, as the hallmark of being children of God and citizens of the Kingdom Divine.

When we become aware that the space is our divided hearts has only now a place for the ego of the self and no place for God and God's special suffering children.

When we realize that children and women are treated in cruel, inhuman and degrading ways by the market-driven world of commerce and commodities and for pleasure and perversions.

## We can turn our Silence and Indifference into Empathy:

When we become convinced that they often grew up in environments in the home, where there was neglect, thriving on corporal punishment and sexual and verbal abuse even by their "loved ones". They have often been numbed into existence and thus unable to understand the meaning of what is right and what are their rights because their lives have always been "wrong and wronged".

## We can turn our Silence and Indifference into Commitment to Compassion:

When we dare to get closer to those in pain and anguish, we will begin to discover persons behind the persona. Their stories will become the good news for our ears turning our emptiness into encounters with Divine Compassion. Listening to them is the path to our conversion.



When their stories of shame and embarrassment allows us to grow in our convictions that desolation and wretchedness, hopeless and gloom, despondency and disdain, even for the self is not the plan of Divine for Humanity. Their tears become our saving waters to wipe away the dusts from our eyes. We in the process can also learn to cry with the God of Compassion for the children so dear to God's Heart. We will have the courage to turn their tears of sorrow into tears of joy. We can walk with them along the path to self confidence and a new consciousness to the shelters we will create for them new home in our land.

## We can turn our Silence and Indifference into Solidarity:

When we dare to listen to their stories of shame and despair, embedded deep within their being, we understand the scripts of their stories and the masked actors on the stage. We become aware of the forces that have driven them into desperation and deprivation. We begin to understand the logic of the market and policies of the market mechanisms.

When we realize that the task of combating trafficking cannot be separated from the fight against poverty. We want to make the promotion and defense of human rights a way to a world of justice with peace. We need Your strength and courage to dismantle gender discrimination and redesign gender roles in the family and in society.

When through our participation in civil society and through policy advocacy contribute to a greater awareness of the lives of the vulnerable. Through education and legislation eradicate poverty that drive people away from their families and friends into the hands foes and friends.

When clear migration policies are fully implements and supervised by a new alliance of networks that will safeguard the inherent rights of the weak and vulnerable, who are on the move.

Lord, give us a new Empathy



So that we can become united in You
Lord, give us deep Compassion
So that we can share with them Your love
Lord, give us a renewed sense of Solidarity
So that the world will reflect Your Designs

Anthony Rogers FSC

2oth October 2007

## कारितास नेपाल

धोबिघाट, ललितपुर, जिपिओबक्सः ९५७१, काठमाडौं, नेपाल
फोनः ९७७-१-५५३९३४४, ५५३८१७२, फ्याक्सः ९७७-१-५५३८४८४
इमेलः caritas@mail.com.np

www.caritasnepal.org